प्रधानमन्त्री

काठमाडौं, नेपाल

## शुभकामना सन्देश

**"मानव बाघ सहअस्तित्व"** भन्ने नाराका साथ राष्ट्रिय बाघ संरक्षण समितिको आयोजनामा आज नेपालमा पनि विश्व बाघ दिवस मनाइँदैछ । यस अवसरमा बाघ संरक्षणमा महत्वपूर्ण योगदान गर्नुहुने नेपाल सरकारका अधिकारीहरू एवं समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै, यस अवसरमा आगामी दिनमा संसारभर बाघ र मानवबीच सह-अस्तित्व कायम भई बाघ संरक्षण कार्य अझै प्रभावकारी बन्न सकोस् भन्ने कामना गर्दछु ।

प्राकृतिक वातावरणको सन्तुलनमा बाघको अहम् भूमिका हुने भएकाले समग्र जैविक विविधता संरक्षणको सन्दर्भमा बाघले बिशेष महत्व बोकेको हुन्छ । बाघ एक दुर्लभ र लोपोन्मुख प्रजातिको वन्यजन्तु हो भने यसलाई पर्यावरणीय स्वच्छताको सूचकको रूपमा लिइन्छ । तसर्थ, बाघको विशिष्ट आर्थिक, सामाजिक, धार्मिक एवं साँस्कृतिक महत्वका साथै पर्यटकीय महत्व समेत रहेको छ ।

बाघ लगायत दुर्लभ वन्यजन्तुका प्रजाति संरक्षणमा नेपालले अग्रणी राष्ट्रको रूपमा विश्वभर पहिचान राख्न सफल भएको छ । नेपालले सन् २०१० मा रसियाको सेन्ट्स पिटर्सबर्गमा सम्पन्न भएको विश्व बाघ सम्मेलनमा सन् २०२२ सम्ममा बाघको संख्या दोब्बर बनाउने लक्ष्य लिएकोमा सो लक्ष्य तोकिएको अवधि अगावै पूरा भएको छ । नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेको प्रतिवद्धता पूरा गरेकोमा सम्बद्ध सबैप्रति बधाइ व्यक्त गर्दै यस अवसरमा लक्ष्य हासिल गर्न प्रत्यक्ष एवं परोक्ष रूपमा क्रियाशील वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू-संरक्षण विभाग, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षण साझेदार संस्थाहरू, कर्मचारी र विशेष गरी स्थानीय समुदायलाई धन्यवाद ज्ञापन गर्दछु ।

बाघको संख्या वृद्धि भएसँगै मानव र बाघबीचमा हुने आपसी द्वन्द्वका घटनामा समेत वृद्धि भएको छ । बाघ र मानिसबीचको सह-अस्तित्व कायम राख्न संरक्षित क्षेत्रको प्रभावकारी संरक्षण गरी आहारा प्रजातिको उपलब्धता बढाउन र बासस्थान व्यवस्थापन गर्न आवश्यक छ भने स्थानीय समुदायको जीविकोपार्जनमा समेत सुधार हुन आवश्यक छ । बाघको संरक्षण तथा व्यवस्थापनमा थपिएका चुनौतीहरूलाई सम्बोधन गर्न बाघ सम्बन्धी थप अध्ययन अनुसन्धान, अग्रपङ्क्तिमा खटिएका कर्मचारीको क्षमता अभिवृद्धि, सम्बद्ध सरकारी तथा गैरसरकारी क्षेत्र, अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूबीचको समन्वयसमेत उत्तिकै आवश्यक छ ।

बाघको बासस्थान नजिकका स्थानीय समुदायलाई जनचेतनामूलक कार्यक्रम तथा वैकल्पिक आयआर्जन सम्बन्धी विशेष कार्यक्रमको आवश्यकतालाई मध्यनजर गरी गत वर्ष राष्ट्रिय बाघ संरक्षण समितिको बैठकबाट **"प्रधानमन्त्री बाघ संरक्षण तथा जीविकोपार्जन कार्यक्रम"** कार्यान्वयनमा ल्याउन वार्षिक एक अर्ब बजेट परिचालन गर्ने निर्णय गरिएको थियो । यस निर्णयलाई कार्यान्वयनमा लैजान सम्बद्ध सबै पक्षको साथ र सहयोगको अपेक्षा गरिएको छ ।

जैविक विविधता संरक्षणको क्षेत्रमा नेपालले अन्तर्राष्ट्रिय समुदायसामु गरेका प्रतिवद्धता पूरा भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा मानव र वन्यजन्तुबीचको सह-अस्तित्व कायम गर्नमा आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्न सम्बन्धित सबैमा आव्हान गर्दछु । आजको दिनले बाघ लगायतका अद्वितीय जैविक विविधता संरक्षणमा थप उर्जा र हौसला प्रदान गर्नेछ भन्ने दृढ विश्वासका साथ फेरि एकपटक हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद ।**

**१३ श्रावण २०८०**

**पुष्पकमल दाहाल 'प्रचण्ड'**